# गलकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
गलकोट, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

प.स.:- ०८०/८१
च.नं.:- ११

मिति: २०७७०४।२७

विषय : Flash I र II School Census अन्तर्गतको Electric Based को School level IEMIS तथ्यांक अद्यावधिकरण गर्ने गराउने सम्वन्धमा ।

**श्री गल्कोट नगरपालिका, बाग्लुङ अन्तर्गत सञ्चालित सम्पूर्ण संस्थागत तथा सामुदायिक विद्यालयहरु ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.न. २६१ मिति २०७७०२।२५ को पत्रानुसार सवै प्रकारका विद्यालय (सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका) हरुवाट प्रत्येक शैक्षिक सत्रको शुरु (ज्येष्ठ ७ गते) र अन्त्य (चैत्र २३ गते) सम्मको आधारमा क्रमश Flash I र II School Census Forms को माध्यमवाट विद्यालय शिक्षासँग सन्वन्धित सवै प्रकारका शैक्षिक सूचनाहरु संकलन, व्यवस्थापन, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधिकरण र प्रकाशनका कार्यहरु साथै सोहि आधारमा योजना निर्माण, योजनाको कार्यन्वयन विद्यालय शिक्षामा प्रभावकारी सहयोग विकास, अनुगमन र मूल्याङ्कन जस्ता महतवपूर्ण कार्यहरु सम्पादन गरिने भएकाले School Level IEMIS तथ्यांक अद्यावधिकरण र व्यवस्थापन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

पुनश्च : शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. २६१ मिति २०७७२।२५ को पत्र यसै पत्रासाथ रहेको फाइलवाट हेर्न तथा डाउनलोड गर्न सकिने छ।

२०७७/०४/२६

रुद्र नारायण सापकोटा
उप सचिव (दर्शौं तह)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री नगर प्रमुखज्यू, गलकोट नगरपालिका, बाग्लुङ ।
श्री नगर उपप्रमुखज्यू, गलकोट नगरपालिका, बाग्लुङ ।
श्री संयोजकज्यू, सामाजिक विकास समिति, गलकोट नगरपालिका, बाग्लुङ ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचना व्यवस्थापन शाखा

सानोठिमी, भक्तपुर

मिति : २०७७/०२/२५

प.सं.: यो.अ.२०७६।७७

च.नं.: २६१

विषय : **Flash I & II School Census अन्तर्गतको Electronic based को School Level IEMIS तथ्याङ्क अध्यावधीकरण र व्यवस्थापन सम्वन्धी अनुरोध।**

श्री सवै नगरपालिका, गाँउपालिका, शिक्षा बिकास तथा समन्वय ईकाईहरू र सवै प्रकारका र तहका विद्यालयहरू।

प्रस्तुत विषयमा विगत २०६१ सालदेखि "सवैका लागि शिक्षा कार्यक्रमको कार्यान्वयनसँगै मुलुकभरी सञ्चालित सवै प्रकार र तहका (सामुदायिक, संस्थागत र धार्मिक प्रकृतिका) विद्यालयहरूवाट प्रत्येक शैक्षिक सत्रको सुरू (जेष्ठ ७ गते) र अन्त्य (चैत्र २३ गते) सम्मको आधारमा क्रमश: Flash I र Flash II School Census Forms को माध्यमवाट विद्यालय शिक्षासँग सम्वन्धित सवै प्रकारका शैक्षिक सूचनाहरू सङ्कलन, व्यवस्थापन, विश्लेषण, प्रतिवेदन तयारी, प्रवोधीकरण र प्रकाशनका कार्यहरू साथै सोही आधारमा विद्यालय र तीनै तहका सरकारका योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन र मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यहरू निरन्तर हुँदै आएको व्यहोरा अवगत नै छ। यस सन्दर्भमा COVID19 को प्रकोप र जोखिमका कारण नेपाल सरकारको मिति २०७६/१२/०६ को निर्णय अनुसार भौतिकरूपमा उपस्थित भई सञ्चालन गर्ने सबै प्रकारका शैक्षिक गतिविधिहरू अर्को व्यवस्था नभए सम्मका लागि वन्द गर्ने भनिएको र हाल सम्म सम्पूर्ण शैक्षिक संस्थाहरू वन्दवन्दीको अवस्थामा रहेका छन्। गत शैक्षिक सत्र २०७६ को कक्षा १०, ११ र १२ को वोर्ड परीक्षा लगायत अन्य व्यवस्थापकीय कार्यहरू साथै नयाँ शैक्षिक सत्र २०७७ को वारेमा हालसम्म निर्णय हुन नसकेको अवस्था भएतापनि विद्यालयतहको **विद्युतीय "एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS)"** को व्यवस्थापनलाई निरन्तरता दिन नितान्त जरूरी देखिएको छ। यसका लागि आ-आफ्नो स्थानियतह र विद्यालयको सुरक्षित अवस्थालाई ध्यानमा राखी भौतिक दुरी साथै अन्य सुरक्षाका उपायहरू अपनाई प्रत्येक विद्यालयको सिमित जनशक्ती प्रयोग गरी हाललाई विद्यालयसँग सम्वन्धित अभिलेखहरुमध्ये निम्न अभिलेखहरू अध्यावधिक गर्न गराउनु हुन यस केन्द्रको मिति २०७७/०२/२५ को निर्णय अनुसार अनुरोध छ। यसो गर्दा ९०% कार्य सम्पन्न हुने र चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना खुले पछि उक्त विवरणमात्र Entry/Add गरे पुग्ने साथै Web Portal: iemis.doe.gov.np मा तुरून्तै Upload गर्न गराउन सकिने व्यहोरा अनुरोध छ।

१. हाल चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना शुरू नभएकाले सवै स्थानियतह अन्तारगतका सवै प्रकार (सामुदायिक, संस्थागत, धार्मिक र अन्य प्रकृतिका विद्यालयहरू) र तहका (पूर्व वालविकास देखि कक्षा १२ सम्म सञ्चालित

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचना व्यवस्थापन शाखा

सानोठिमी, भक्तपुर

विद्यालयहरू विद्यालयहरूले आ-आफ्नो विद्यालयको विद्युतीय "एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level EMIS)" File मा गत शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका निम्न तथ्याङ्क एवम् सूचनाहरूलाई Update (अध्यावधिक) गर्ने:

क) आ-आफ्नो विद्यालयको IEMIS File Update गर्दा Year set २०७७ बनाउने,

ख) शै.स.२०७६ को कक्षागत विद्यार्थीहरूको विवरण (कक्षा उत्तीर्ण, कक्षा दोहऱ्याउने, कक्षा छाड्ने, बार्षिक हाजिरी दिन आदि विवरणहरू) अध्यावधिक गर्ने (कक्षा १० र १२ वाहेक अरू सबै कक्षा),

ग) शै.स.२०७६ को कक्षागत परीक्षा र विद्यार्थीहरूको प्राप्ताङ्क विवरणको Entry र अध्यावधिक गर्ने,

घ) शै.स.२०७६ को कक्षागत छात्रवृत्ति विवरण अध्यावधिक गर्ने,

ङ) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकार र तहका शिक्षकहरूको पूर्ण विवरण अध्यावधिक गर्ने,

च) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारीहरूको पूर्ण विवरण अध्यावधिक गर्ने

छ) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकारको भौतिक विवरण अध्यावधिक गर्ने

ज) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स.२०७६ सालको विविधमा रहेको सबै विवरण अध्यावधिक गर्ने र

झ) आफ्नो विद्यालयको विवरण पूर्ण छ/छैन् राम्रोसँग रूजु गर्ने र IEMIS File "Save" गरी राख्ने ।

२. कतिपय हिमाली जिल्लाहरूमा शैक्षिक सत्र सञ्चालनमा रहेकोले त्यस्ता जिल्ला तथा स्थानीय तह अन्तरगतका विद्यालयहरूमा शैक्षिक सत्र २०७७ को नयाँ भर्नाको कार्य समेत सम्पन्न भएको भए माथि बूँदा नं.१ को "क" देखि "झ" सम्मका सबै कार्यहरू साथै नयाँ भर्ना भएका विद्यार्थीहरूको समेत विवरण Add गरी आफ्नो विद्यालयको IEMIS File पूर्ण गर्ने गराउने ।

३. माथि बूँदा नं.१ र २ मा उल्लेखित कार्यहरू सम्पन्न गरेका विद्यालयहरूले आफ्नो विद्यालयको **IEMIS File** मिति २०७७/०३/१५ गते देखि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको **Web Portal: iemis.doe.gov.np** मा **Upload** गर्न गराउन सक्ने छन् । यसका लागि सम्बन्धित विद्यालय आफैले आफ्नो User Account बाट Upload गर्ने गराउने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने ।

४. सम्बन्धित नगरपालिका र गाउँपालिकाले आफ्नो पालिका अन्तरगतका विद्यालयले IEMIS सम्बन्धी कार्य सम्पन्न गरी **Web Portal: iemis.doe.gov.np** मा Upload गर्नुपूर्व: *"यस विद्यालयको IEMIS File मा भरिएका सम्पूर्ण विवरणहरू विद्यालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रूपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गर्दछौं । सोमा फरक परेमा मुलुकी अपराध संहिता ऐन, किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाँउला ।"* भन्ने व्यहोराको पत्र समेत पालिकामा पठाउने निर्देशन दिने र सोको अभिलेख समेत राख्ने ।

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

## शैक्षिक सूचना व्यवस्थापन शाखा

सानोठिमी, भक्तपुर

५. नयाँ स्थापना भएका वा हालसम्म **"एकिकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic based School level IEMIS)"** तयार नगरेका वा नबुझाएका विद्यालयहरूको हकमा सम्बन्धित स्थानीय तहले त्यस्ता विद्यालयको नाम, साविकको गा.वि.स./न.पा., वडा नं., टोल साथै हालको स्थानीय तहको नाम, वडा नं., फोन नं.र प्र.अ.को नाम उल्लेख गरी शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक सूचना व्यवस्थापन शाखाको Emali Address: doeremis@gmail.com मा पठाउने र **Excel based को Electronic based School level EMIS Files** प्राप्त गरी माथि बूँदा नं.१ देखि ४ अनुसार गराउने ।

६. कक्षा ११ र १२ को शैक्षिक सत्र फरक भएकाले यस्ता माध्यमिक विद्यालयहरूले IEMIS File दुई पटक अध्यावधिक गरी बुझाउनु पर्नेछ, जसमा कक्षा १२ का लागि २०७६ को कक्षा ११ का विद्यार्थी Update गर्ने र को अन्य कक्षाहरू संगै व्यवस्थापन गर्ने र कक्षा ११ को नयाँ भर्ना सकिए पछि Add गर्ने ।

७. सबै विद्यालयको IEMIS Files Upload भइसके पछि सम्वन्धित नगरपालिका र गाउँपालिकाले आफ्नो योजना निर्माण, योजनाको कार्यान्वयन, विद्यालय शिक्षामा प्रभावकारी सहयोग पद्धतिको विकास, अनुगमन, मूल्याङ्कन, आधारभूत तह उत्तीर्ण (कक्षा ८ को अन्तिम) परीक्षा र अन्य कक्षाहरूको Grading System अनुसार परीक्षा विरण Entry, Mark-sheet र Mark ledger को व्यवस्थापन, मूल्याङ्कन जस्ता महत्वपूर्ण कार्यहरूमा प्रयोग गर्ने साथै School, Local Level and District Profiles को प्रयोग गर्ने व्यवस्था मिलाउने ।

८. सम्वन्धित नगरपालिका र गाउँपालिका साथै शिक्षा विकास तथा समन्वय ईकाईले स्थानीय तह अन्तरगत Computer र Internet सुविधा नभएका विद्यालयहरूलाई उक्त सुविधा भएका विद्यालयसँग समन्वय गराई IEMIS सम्वन्धि कार्यहरूमा सहजीकरण र अनुगमन गर्ने साथै तथ्याङ्क/सूचनाको गोपनियता र सुरक्षाका लागि विद्यालयहरूलाई सकेसम्म Computer Institute जस्ता ठाउँमा IEMIS को कार्य नगराउन निर्देशन दिने ।

९. यस सम्वन्धी थप बुझ्न परेमा यस केन्द्रको फोन नं.०१६६३८७०४/९८४१४२५६०७/९८४१५१४०२९ मा फोन गर्न वा Email address: doeremis@gmail.com/janu2052@gmail.com मा Email गर्न सकिने छ ।

पुनश्च: हाल **COVID-19** को प्रकोप र जोखिम रहेकाले माथिका कार्यहरू गर्दा गराउँदा आवश्यक सुरक्षाका उपायहरू अनिवार्य रूपमा अपनाउन हुन समेत अनुरोध छ ।

शैक्षिक सूचना व्यवस्थापन शाखा

शिक्षा तथा मानव स्रोत विकास केन्द्र